महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या: २०७५/७६ मिति: २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू/अध्यक्षज्यू,
नगर/गाउँ कार्यपालिकाको कार्यालय,

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको सन्देश

टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता व्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

पत्र संख्याः

मितिः २०७५।१२।.......

श्री प्रमुखज्यू,
हेटौंडा उपमहानगरपालिका,
हेटौंडा, मकवानपुर ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट हेटौंडा उपमहानगरपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

लेखापरीक्षकको जिम्मेवारी - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलव्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.१ करोड ९९ लाख ४ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.९९ लाख १ हजार, नियमित गर्नुपर्ने रु.६ लाख ६७ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.२७ लाख ६६ हजार र पेश्की रु.६५ लाख ७० हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।९।५ मा लेखापरीक्षण प्रतिवेदन उपर प्राप्त प्रक्रिया सहितको प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना ३१ यसैसाथ संलग्न छ ।

कैफियत सहितको लेखापरीक्षण राय - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

हेटौंडा उपमहानगरपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७४।७५

परिचय : स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकि, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकार सञ्चालन गर्ने उद्देश्यले उपमहानगरपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारीता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु उपमहानगरपालिकाको उद्देश्य रहेको छ । यस उपमहानगरपालीका अन्तर्गत १९ वडा तथा ९६ सभा सदस्य रहेका छन् । प्रदेश नं. ३ मा अवस्थित यो उपमहानगरपालिका २६२ व.कि.मि. क्षेत्रफलमा फैलिएको र यसको कुल जनसंख्या २,००,३११ रहेको छ ।

१. **स्थानीय संचितकोष :** आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

सि.नं.	आयतर्फ		सि.नं.	व्ययतर्फ	
	बिबरण	रकम		बिबरण	रकम
१	**गत वर्षको जिम्मेवारी**		१	**चालु खर्च**	३०,९२,९७,७२९.६८
	(क) नगद	३५,०००/-	२	**पूँजीगत खर्च**	८३,४१,७५,५७०.६१
	(ख) बैंक	१०,३०,७०,३११.८७	३	**वित्तीय व्यवस्था भुक्तानी**	
२	**राजस्व (आन्तरिक आय)**			क) ऋण भुक्तानी	४७,४९,२७०.२०
	(क) आन्तरिक राजस्व	१८,९२,८९,५४३.६३		ख) ब्याज भुक्तानी	२७,१३,०२२.६५
	(ख) राजस्व बाँडफाँड			ग) अन्य भुक्तानी	
	(ग) अन्य आय	४६,७८,२०७.२४	४	**लगानी**	
३	**वित्तीय हस्तान्तरण**			ऋण लगानी	
	(क) वित्तीय समानीकरण अनुदान	५२,५५,९४,०००/-		शेयर लगानी	
	(ख) सशर्त अनुदान	६३,५४,००,१५०.१४		अन्य लगानी	
	(ग) समपूरक अनुदान		५	**धरौटी फिर्ता**	४०,७५,९६३.८०
	(घ) विशेष अनुदान		६	**कोष खर्च**	१६,०६,५२,९५३.९३
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**		७	**मौज्दात**	
	क) वित्तीय समानीकरण अनुदान			क) नगद मौज्दात	५,१२,३९१.२६
	ख) सशर्त अनुदान			ख) बैंक मौज्दात	३१,५४,३६,३३६.७४
	ग) समपूरक अनुदान		८	खाता शुन्य फिर्ता रकम बीच बाटोमा परेको चेक	८०,६७,५८२.७६
	घ) विशेष अनुदान		९	सामाजिक सुरक्षा बेरुजू दाखिला राजश्व	१,८७,९०,०००/-
५	**अन्तर स्थानीय तहबाट प्राप्त**				
६	**वित्तीय व्यवस्था प्राप्ति**				
	क) ऋण प्राप्ति				
	ख) साँवा प्राप्ति				
	ग) ब्याज प्राप्ति				
	घ) अन्य प्राप्ति				
६	**विभिन्न कोषतर्फको आय**	१७,६८,५४,५१३.४८			
८	**जनसहभागिता (नगद)**	१४,८९,०६०/-			
९	**विषयगत निकायबाट प्राप्त रकम**				
१०	**धरौटी आय**	३२,७०,०३५.२७			
११	**लगानीको साँवा फिर्ता**				
१२	**अन्य विविध आय (सामाजिक सुरक्षा रकम बैंकबाट फिर्ता)**	१,८७,९०,०००/-			
	जम्मा	**१,६५,८४,७०,८२१/६३**		**जम्मा**	**१,६५,८४,७०,८२१.६३**

दफा	भौ.नं., मिति र व्यहोरा	रकम
२.	**खर्च गर्ने अख्तियारी र कार्यविधि :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ बमोजिम सभाबाट बजेट स्वीकृत भएको सात दिनभित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिनभित्र अधिकृतस्तरको वडा सचिव भए कार्यक्रम र बजेट सहित प्रचलित कानून बमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७४।७५ को आय व्ययको प्रक्षेपण २०७४ भाद्र ६ मा सभाबाट स्वीकृत भएको र २०७४ भाद्र ७ मा प्रमुखले प्रमुख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेकोले स्वीकृत भएको ७ दिनभित्र नै प्रमुख प्रशासकिय अधिकृतलाई खर्च गर्ने अख्तियारी उपलब्ध गराएको देखिन्छ । वडा तहमा अधिकृतस्तरको सचिव नभएकोले वडा तहमा बजेट खर्च गर्ने अख्तियारी पठाएको देखिएन । खर्च गर्ने आर्थिक कार्यविधि नबनाएको कारण आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम सञ्चालन गर्ने उल्लेख गरेको छ ।	
३.	**बजेट पेश गर्ने तथा पारित गर्ने :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गतेभित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिनभित्र छलफल सम्पन्न गरी आषाढभित्र नै पारित गर्नुपर्ने व्यवस्था छ । साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ७३(७) बमोजिम कार्यपालीकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई खर्च गर्न नपाउने व्यवस्था छ । नगर सभाले चालु आर्थिक वर्ष २०७४।७५ को नीति, आगामी आर्थिक वर्षमा सञ्चालन हुने योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण २०७४ आषाढ १० भित्र सम्पन्न नगरी २०७४ भाद्र ६ गते मात्र प्रक्षेपण स्वीकृत गरेको छ । अगामी आर्थिक वर्षको आय व्ययको अनुमान कानूनले तोकेको समयावधिभित्र सम्पन्न गर्ने व्यवस्थातर्फ ध्यानाकर्षण गरिएको छ ।	
३.१.	आर्थिक वर्ष २०७४।७५ को लागी सभाले देहाय बमोजिमको आय अनुमान प्रस्तावित गरेकोमा निम्नानुसार वास्तविक आय देखिएको छ :	

सि.नं.	शिर्षक	अनुमानित रकम	वास्तविक रकम	प्रतिशत
१	संघीय सरकार वित्तीय समानीकरण अनुदान	५२,५५,९४,०००/-	५२,५५,९४,०००/-	१००
२	संघीय सरकारबाट प्राप्त हुने सशर्त अनुदान	३१,००,७१,०००/-	४५,४९,१९,८३८/-	१४७
३	सामाजिक सुरक्षा अन्तर्गत प्राप्त आम्दानी	१८,५०,००,०००/-	१८,०४,८०,३१२/-	९८
४	उपमहानगरपालिकाको आन्तरिक आम्दानी	१७,००,७०,०००/-	१८,९२,८९,५४४/-	१११
५	प्राकृतिक स्रोत उपयोगबाट प्राप्त हुने आय	२,०२,००,०००/-	-	०
६	अन्य आय	१,७१,००,०००/-	४६,७८,२०७/-	२७
७	जनसहभागिता नगद	१०,००,०००/-	१४,८९,०६०/-	१४९
	कुल आय	**१,२२,९०,३५,०००/-**	**१,३५,६४,५०,९६१/-**	**११०**

दफा	भौ.नं., मिति र व्यहोरा	रकम
३.२.	आर्थिक वर्ष २०७४।७५ को लागि सभाले देहाय बमोजिम खर्च हुने अनुमान पेश गरेको छ :	

दफा	भौ.नं., मिति र व्यहोरा	रकम

सि.नं.	शिर्षक	रकम	वास्तविक रकम	प्रतिशत
१	प्रशासनिक खर्च	१२,८५,४३,०००/-	११,८८,०३,२७१/-	९२
२	सामाजिक सुरक्षा अनुदान खर्च	१८,५०,००,०००/-	१७,९३,७८,८००/-	९७
३	ऋणमा व्याज भुक्तानी खर्च	३४,००,०००/-	२७,१३,०२२/-	८०
४	स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम	५०,००,०००/-	४९,३६,०००/-	९९
५	गरिबसँग विशेस्वर कार्यक्रम खर्च	४,२९,०००/-	४,२९,०००/-	१००
६	सार्वजनिक निजि साझेदारी आय फिर्ता	७९,००,०००/-	५७,५०,६५९/-	७३
७	पूँजीगत खर्च	२०,९३,५८,०००/-	११,२६,९४,७२१/-	५४
८	कार्यक्षेत्रगत खर्च	७५,७९,४८,०००/-	७२,१४,८०,८५०/-	९५
९	ऋणको साँवा भुक्तानी खर्च	४६,००,०००/-	४७,४९,२७०/-	१०३
	जम्मा	**१,३०,२१,७८,०००/-**	**१,१५,०९,३५,५९३/-**	**८८**

३.३. आर्थिक वर्ष २०७४।७५ को प्रक्षेपित आय अनुमान र वास्तविक आय रकम बीच देहाय अनुसार फरक रहेको छ :

सि.नं.	शिर्षक	प्रक्षेपित आय रकम	वास्तविक रकम	प्रतिशत
१	संघीय सरकारबाट प्राप्त हुने सशर्त अनुदान	३१०,०७१,०००/-	४५४,९१९,८३८/-	१४७
२	आन्तरिक राजश्व आम्दानी अन्तर्गत घरजग्गा रजिस्ट्रेशन शुल्क	३१,५००,०००/-	२०,४२०,११६/-	६५
३	सवारी पार्किङ्ग शुल्क	५०,०००/-	४,३२५/-	९
४	सार्वजनिक संरचना मर्मत सम्भार शुल्क	३००,०००/-	७,०००/-	२
५	प्रदुषण सेवा शुल्क	८,५००,०००/-	-	-
६	बारुणयन्त्र सेवा शुल्क	५००,०००/-	-	-
७	नक्सापास दस्तुर	१४,५००,०००/-	३९,०८१,१२५/-	२७०
८	विज्ञापन कर	३,०००,०००/-	७४२,२२२/-	२५
९	अन्य विविध आय	१,०००,०००/-	४,४१३,९९०/-	४४१
१०	पटके सवारी कर	२४,०००,०००/-	२१,७३४,४९५/-	९१
११	ग्रेडर तथा रोलर भाडा	१,०००,०००/-	५८१,९००/-	५८
१२	प्राकृतिक स्रोत उपभोग कर बाडँफाँड आय	२०,२००,०००/-	-	-
१३	सडक बोर्ड नेपालबाट अनुदान	९,०००,०००/-	३,३५०,०८१/-	३७
१४	न.बि. कोषबाट ऋण तथा अनुदान	८,०००,०००/-	-	-

४. **लक्ष्य प्रगतिको स्थिति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची २ बमोजिमको ढाँचामा प्रगति विवरण दिएको छैन् ।

५. **चौमासिक खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा २३.४३ प्रतिशत, दोश्रो चौमासिकमा २४.९० प्रतिशत र तेश्रो चौमासिकमा ५१.६७ प्रतिशत खर्च गरेको देखिएको छ । यसरीनै आषाढ मसान्तमा १८.९८ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिंदा सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन ।

दफा	भौ.नं., मिति र व्यहोरा	रकम
६.	**आन्तरिक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । यो वर्ष उपमहानगरपालिकाले सार्वजनिक-निजी साझेदारी योजना सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७४, उपमहानगरपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०७५ तथा उपमहानगरपालिकाको घर नक्सा निर्माण (डिजाईन) सहायता निर्देशिका, २०७५ जस्ता आन्तरिक नियन्त्रण सम्बन्धी निर्देशिका तयार गरेको छ । कार्यलाई प्रभावकारी, नियमित र दक्षतापूर्ण ढंगबाट सम्पादन गरी उत्कृष्ट नतिजा लिन तत्काल अन्य आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी निर्देशिकाहरु तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ । नगरसभाबाट सार्वजनिक लेखा समिति गठन गरी आय व्ययको हिसाव परीक्षण गराइनु पर्दछ ।	
७.	**स्रोत अनुमान तथा बजेट सीमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम उपमहानगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ४ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा बजेट सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, बजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेको छ । विषयगत तथा पूर्वाधारका क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण आंशिक रुपमा कार्यान्यनमा ल्याएता पनि ठुला पूर्वाधारका क्षेत्रलाई बजेटको प्राथमिकतामा नराखेको देखिन्छ । साना, ठुला, मझौला पूर्वाधार क्षेत्रको विकासमा बजेट व्यवस्थापन गरी आगामी दिनमा कार्यान्वयनमा ल्याउन कार्यक्रमलाई छनौटमा राखिनु पर्दछ । बजेट तथा श्रोतको प्राथमिकता तयार गरी योजना कार्यान्वयनमा ल्याउन आवश्यक छ ।	
८.	**आन्तरिक ऋण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६८ बमोजिम उपमहानगरपालिकाले वीत्त आयोगको सिफारिसमा सम्बन्धित सभाबाट स्वीकृत गरी उत्पादनशिल, रोजगारमुलक, आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ । यो वर्ष उपमहानगरपालिकाले आन्तरिक ऋण लिएको देखिदैंन भने पुरानो ऋणको साँवा रकम रु.४७,४९,२७०।२० तथा उक्त ऋणमा व्याज रकम रु.२७,१३,०२२।६५ भुक्तानी गरेको देखिन्छ ।	
९.	**धरौटी :** गत वर्षको बाँकी रु.१,०२,८३,३७२।८२ र यो वर्ष रु.३२,७०,०३५।२७ आम्दानी समेत रु.१,३५,५३,४०८।०९ मा यो वर्ष रु.४०,७५,९६३।८० फिर्ता गरी रु.९४,७७,४४४।२९ मौज्दात बाँकी रकम नेपाल बैंक लिमिटेडको बैंक खातामा मौज्दात देखिन्छ । धरौटीको आर्थिक वर्षगत आयु वर्गिकरण नगरेको, पुरानो धरौटी आवश्यक कार्यविधि पुरा नगरी मौज्दात जिम्मेवारी सार्दै ल्याएको, धरौटी राख्नेको पुरा विवरण खुलाएको देखिएन । धरौटीको यथार्थ विवरण तयार गरी दायित्व हिसाव अद्यावधिक गरिनुपर्दछ ।	
१०.	**स्थानीय तथ्याङ्क र अभिलेख** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम उपमहानगरपालिकाले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । उपमहानगरपालिकाले स्थानीय तथ्याङ्क	

दफा	भौ.नं., मिति र व्यहोरा	रकम
	सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्यमा भूमिका अगाडि बढाउन आवश्यक छ । तथ्याङ्क बेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यसतर्फ उपमहानगरपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ ।	
११.	**कारोबारको लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ बमोजिम उपमहानगरपालिकाको कारोबार, आय व्ययको लेखा तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राखी प्रमुख प्रशासकीय अधिकृतले उपमहानगरपालिकाको कोषबाट भएको खर्च रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको १५ दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नु पर्ने, उपमहानगरपालिकाले आफ्नो आय र व्ययको विवरण प्रत्येक महिनाको ७ गतेभित्र सार्वजनिक गर्नुपर्ने, उपमहानगरपालिकाले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वीत्त आयोगमा पठाउनु पर्ने व्यवस्था छ । यो वर्ष उपमहानगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत भएको लेखा प्रणाली SUTRA मा लेखा राखेको देखिएन । प्रमुख प्रशासकीय अधिकृतले तेश्रो चौमासिक प्रतिवेदन कार्यपालिकाको बैठकमा पेश गरेको समेत देखिएन । आय र व्ययको विवरण मासिक विवरण नगर दर्पण, साप्ताहिक स्तम्भ पत्रिकामा प्रकाशन गर्ने गरिएको, चौमासिक विवरण संघीय अर्थ तथा संघीय मामिला मन्त्रालयमा पठाएको तर प्रदेश अर्थ मन्त्रालयमा तेश्रो चौमासिक विवरण नपठाएको देखिन्छ । ऐनको प्रावधान पूर्ण रुपले पालना गर्नुपर्दछ ।	
१२.	**लेखापरीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ बमोजिम उपमहानगरपालिकाले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखा परीक्षण गराई आन्तरिक लेखापरीक्षणले औँल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराई आन्तरिक लेखापरीक्षणको एक प्रति प्रतिवेदन सहित आफ्नो आय तथा व्ययको अन्तिम लेखापरीक्षण महालेखापरीक्षकबाट गराउनु पर्ने व्यवस्था छ । उपमहानगरपालिकाको आफ्नै आन्तरिक लेखापरीक्षण शाखा रहेको, उक्त शाखामा एक जना कर्मचारीको व्यवस्था रहेको देखिन्छ । उपमहानगरपालिकाले आफ्नो आय र व्यवको आन्तरिक लेखापरीक्षण आफ्नै शाखाबाट गराएको देखिन्छ । आन्तरिक लेखापरीक्षणले औँल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराएको देखिदैन । आन्तरिक लेखापरीक्षण तोकिएको समयमा सम्पन्न गराई नियन्त्रण प्रणाली सवल गराउनु पर्दछ ।	
१३.	**तलवी प्रतिबेदन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको वार्षिक तलबी प्रतिबेदन तयार गरी आन्तरीक लेखापरीक्षकबाट पारीत गराई तलब खर्च लेख्नुपर्ने व्यवस्था अनुसार कार्यालयले कर्मचारीहरुको तलबी प्रतिवेदन पारीत गरी तलव खर्च लेखेको छ । सम्पूर्ण पदाधिकारीहरु तथा कर्मचारीहरुको उपमहानगरपालिकाबाट भुक्तानी भएका तलब, भत्ता लगायत सुविधाहरुको वार्षिक साराशं प्रतिबेदन बनाएको देखिएन । तलब, भत्ता, सुविधा लगायतका उपमहानगरपालिकाबाट पदाधिकारीहरु तथा कर्मचारीहरुलाई भुक्तानी गरिएको साराशं प्रतिवेदन तयार गरी लगत राख्नुपर्ने देखिन्छ ।	

दफा	भौ.नं., मिति र व्यहोरा	रकम
१४.	**बैङ्क हिसाब :** कार्यालयको खाता हिसाव र बैङ्क हिसाव एक आपसमा भिडान गर्नुपर्ने व्यवस्था छ । स्थानीय संञ्चित कोष खाता, चालु खर्च खाता, पूँजीगत खर्च खाता, धरौटी खाता लगायत अन्य विभिन्न ९ वटा कोष खाताहरु समेत कार्यालयको जम्मा १३ वटा बैङ्क खाताहरु सञ्चालनमा रहेको र उक्त सबै बैङ्क खाताहरुको बैङ्क हिसाब मिलान तयार गरेको देखिन्छ ।	
१५.	**न्यायिक समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४९(१०) बमोजिम न्यायिक समितिले विवादमा मेलमिलाप गराउने प्रयोजनको लागि प्रत्येक वडामा मेलमिलाप केन्द्र गठन गर्न सक्ने र दफा ५३ (२) बमोजिम न्यायिक समितिले आफूले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्बन्धित सभामा पेश गर्नुपर्ने व्यवस्था छ । न्यायिक समितिले २०७५।३।१५ मा मेलमिलापकर्तालाई क्षेत्रगत कार्यक्षेत्र तोकी ६ वटा मेलमिलाप केन्द्र गठन गरेको छ । न्यायिक समितिले आफूले गरेको कामको वार्षिक विवरण मिति २०७५।३।९ मा निर्णय गरी प्रमुख मार्फत् सभामा पेश गरेको पाइयो । आर्थिक वर्ष २०७४।७५ मा न्यायिक समितिमा जम्मा १८ वटा उजूरी निवेदन/मुद्दा/केश/दर्ता भएकोमा १२ वटा फछ्र्यौट भई ६ वटा कारबाही प्रक्रियामा बाँकी रहेका छन् भने एउटा मात्र मेलमिलाप भई टुङ्गिएको देखियो । न्यायीक समितिमा पर्न आएका निवेदनको निर्धारित समयमा कारवाही प्रक्रिया पुरा गरी न्यायीक समितिले अपनाउने निर्णय तथा कारवाही टुङ्गो लगाउनु पर्ने देखिन्छ । न्यायीक समितिमा विशेषत: जग्गा खिचलो, सम्बन्ध विच्छेद, पालनपोषण तथा हेरचाह, घर बहाल ढिलाई, घरखाली करार अनुसार काम गर्न नदिएको, बाटो खिचलो लगायतका निवेदन परेको देखिन्छ । प्रक्रियामा रहेका मुद्दा फछ्र्यौटतर्फ सक्रियता अपनाई उपमहानगरपालिकाको न्याय सम्पादन सर्व स्वीकार्य, भरपर्दो तथा छरितो बनाउन जरुरी देखिन्छ ।	
१६.	**एकीकृत विवरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ बमोजिम प्रत्येक आर्थिक वर्ष र आय व्ययको एकीकृत लेखा बनाई पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले तयार गरेको एकीकृत आर्थिक विवरणमा सबै विषयगत क्षेत्रको कारोवार समेटेको छैन । गत वर्ष हर्नामाडी, हटिया, पदमपोखरी, चुरीयामाई र बसामाडी उपमहानगरपालिकामा समाहित भएकोमा ती वडा कार्यालयमा गत वर्ष मौज्दात रहेको रकम जिम्मेवारी सारेको देखिएन । साविकको रकम जिम्मेवारी नसारेको कारण आय व्ययले यथार्थ स्थिति प्रस्तुत गरेको छैन ।	
१७.	**सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल-अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वत: हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्तभित्र स्थानीय तहले तयार गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा उपमहानगरपालिकाले वडागत समेत सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार गरेको देखिएन । कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र फर्निचर जस्ता मूल्यवान सामानहरु जिम्मेवारी सार्ने गरेको पाइएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुनसक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।	
१८.	**बरबुझारथ :** मन्त्रालयको २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको	

दफा	भौ.नं., मिति र व्यहोरा	रकम
	नाममा रहेको गत विगत वर्षको सबै पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस उपमहानगरपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख उपमहानगरपालिकाले यकिन गरी अध्यावधिक नगरेकोले उपमहानगरपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।	
१९.	**स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्साङ्कन वा उपमहानगरपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाइएन ।	
२०.	**कल्याण/अवकाश कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून बमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । दफा ९१ (२) बमोजिम उक्त अवकास कोषमा स्थानीय तहले आफ्नो दरवन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम वरावरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । सेवा वा पदबाट कर्मचारी अलग हुदाँ उक्त कोषबाट खर्च लेखी सुविधा उपलब्ध गराउने व्यवस्था छ । उपमहानगरपालिकाको कर्मचारी कल्याण कोष खातामा गत आ.व. देखिको बाँकी रु.१,४५,६४,४७०।१२ मा यो वर्ष पटक पटक गरी रु.२,००,००,०००।- चालु खर्च खाताबाट कर्मचारी कल्याण कोष खातामा ल्याएको र रु.१,००,००,०००।- एकमुष्ट कर्मचारी कल्याण कोष खाताबाट अवकाष कोष खातामा ल्याएको देखियो । उपमहानगरपालिकाले ऐन प्रारम्भ भएको २०७४ आश्विन २९ अर्थात कार्तिकदेखि १० प्रतिशतको योगदान व्यवस्था अपनाउनु पर्नेमा अपनाएको देखिएन । ऐनले गरेको व्यवस्था पालना गरी कोष सञ्चालन गर्नुपर्दछ ।	
२१.	**आकस्मिक कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७० बमोजिम उपमहानगरपालिकाले स्थानीय कानून बमोजिम आकस्मिक कोष स्थापना गरी सञ्चालन गर्न सक्ने व्यवस्था छ । उपमहानगरपालिकाको यो ऐन बमोजिम स्थापना गरेको आकस्मिक कोष खाता नभएको तर विशेष कोष अन्तर्गत कर्मचारी कल्याण कोष, मर्मत सम्भार कोष, प्रकोप/विपद् कोष, मानव संशाधन कोष, वातावरण विकास कोष, गरीवी निवारण तथा सामाजिक कोष, महिला तथा बालबालिका कोष, सामाजिक सुरक्षा कोष तथा अवकाश कोष जस्ता ९ वटा विभिन्न विशेष कोष खाताहरु रहेको देखिन्छ तर सबै कोष खाताहरुको सञ्चालन सम्बन्धी कार्यविधिहरु बनाएको देखिएन ।	
२२.	**स्थानीय सञ्चित कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्त्यमा उपमहानगरपालिकाको सञ्चित कोषमा स्वतः जम्मा (ट्रान्सफर) हुने व्यवस्था छ । यो आर्थिक वर्षको अन्त्यमा उपमहानगरपालिकाको पूँजीगत खर्च खाताबाट रु.१,४८७०९ र चालु खर्च खाताबाट रु.८०,६६,०९५।६७ को चेकबाट स्थानीय सञ्चित कोष खातामा जम्मा (ट्रान्सफर) गरेको देखिन्छ ।	

दफा	भौ.नं., मिति र व्यहोरा	रकम
२३.	**वातावरणीय प्रभाव** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ ले नगरपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । उपमहानगरपालीकाले यो वर्ष वातावरण संरक्षण, नगर र नदी सफाइ कार्यक्रम सञ्चालन गरेको विवरण पेश गरेकोमा वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सालबसाली रुपमा सरसफाइ अन्तर्गत नगर क्षेत्रको सडक सफाइ, फोहोर सङ्कलन गर्ने, नियमित सरसफाई, दैनिक ढल निकास खोल्ने, सिनो व्यवस्थापन, भुस्याहा कुकुर नियन्त्रण, लास व्यवस्थापन, चाडपर्व, शनिवार नगर र नदी सरसफाई आदि पर्दछन् । ढल निर्माणको एकीकृत बहुवर्षे योजना र प्रगति विवरण पेश भएन । सोलार बत्ती, मोटोराइज ट्राइसाईकल, ब्यालर, कम्पोष्ट प्लान्ट सचेतना लगायतको अभियान संञ्चालन गरी शहरी वातावरण सुधार गर्ने कार्य भएको देखिएन । वातावरणीय प्रभाव मूल्याङ्कनलाई ध्यान दिई कार्यक्रम सञ्चालन गरिनुपर्दछ । शीर्षक अनुसारको बजेटमा पर्याप्त ध्यान दिएको देखिएन ।	
२४.	**कर व्यवस्था** : एकिकृत सम्पत्ति करको व्यवस्थापन हुन नसकेको, घर वहालको हकमा लगत तयार नगरेवाट वहाल करको असूली न्यून रहेको, उपमहानगर क्षेत्रभित्र व्यापार, व्यवसाय सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारको आधारमा कर लगाउने व्यवस्था अनुरुप पेशा व्यवसायको लगत तयार नगरेको, जडीवुटी, कवाडी र जीवजन्तु करको आय ठेक्का व्यवस्थापन नगरेको, सवारी साधन कर व्यवस्थापन नभएको र आर्थिक वर्ष २०७४।७५ मा प्रदुषण सेवा शुल्क नउठेको, पार्किङ्ग शुल्कवाट न्यून आय प्राप्त गरेको अवस्था छ । आय प्राप्तिको दायरा वृद्धि गरी राजस्व सङ्कलनमा लक्षित स्थिति पुरा गर्न आवश्यक देखिन्छ ।	
२५.	**व्यवसाय कर** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा उपमहानगरपालिकाले आफ्नो कार्यक्षेत्रभित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । उपमहानगरपालिकाले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नुपर्नेमा व्यवसायीहरुको लगत अद्यावधिक भएको देखिएन । लगतमा भएका सम्पूर्ण व्यवसायीहरुबाट कर रकम सङ्कलन गरेको समेत देखिएन । उपमहानगरपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाइएन । उपमहानगरपालिका क्षेत्रभित्रका सम्पूर्ण व्यवसायीहरुको अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।	
२६.	**सवारी कर** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ मा उपमहानगरपालिकाले आफ्नो क्षेत्रभित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । उपमहानगरपालिकाले सवारीहरुको दर्ता एवं नविकरणबाट यो वर्ष रु.१,५०,०००।- असुल गर्ने लक्ष्य राखेकोमा रु.२५,०५५।०० मात्र असुल भएको देखियो । उपमहानगरपालिकाले सवारीहरुको दर्ता एवं नविकरण अद्यावधिक गरेको पाइएन । सम्बन्धित निकायसँग अबिलम्ब समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउनेतर्फ ध्यान जानु पर्दछ ।	
२७.	**मनोरञ्जन कर** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शनस्थल, ऐतिहासिकस्थलको प्रवेश शुल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक	

दफा	भौ.नं., मिति र व्यहोरा	रकम
	वर्ष २०७४।७५ मा उपमहानगरपालिकाले मनोरञ्जन कर रु.१,५०,०००।- असुल गर्ने लक्ष्य राखेकोमा रु.१,७५,०००।०० असुल गरेको देखिन्छ । उपमहानगरपालीका क्षेत्रभित्रबाट उठ्नु पर्ने मनोरञ्जन कर यकिन गरी असुल गर्नुपर्दछ ।	
२८.	**सार्वजनिक परीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दीगो, भरपर्दो, पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ । यो वर्ष ऐनको व्यवस्था बमोजिम सार्वजनिक परीक्षण गरेको नदेखिएकोले ऐनको प्रावधान पालना गर्नुपर्ने देखिएको छ ।	
२९.	**योजना र तयारी :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम उपमहानगरपालिकाले नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग अनुकूल हुनेगरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तर सम्बन्धित विषयलाई ध्यान दिई आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाहरूको सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने, महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने, दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने, भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने विषयलाई प्राथमिकता दिई स्थानीय बुद्धिजीवि, विषय विज्ञ, अनुभवी, पेशाविद, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसङख्यक, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक लगायतका सरोकारवालाहरूको अधिकतम सहभागितामा योजनाका सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाका प्राथमिकीकरण, योजना कार्यान्वयन तालिका र अनुगमन तथा मूल्याङ्कन योजना समेत तयार गरी आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन प्रकृतिका विकास आयोजनाहरुको सूची बनाई लागू गर्नुपर्ने व्यवस्था छ । ऐनले परिकल्पना गरेको बिषयहरु समेटी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।	
३०.	**सभाको बैठक, समिति तथा सञ्चालन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ बमोजिम सभाले आफ्नो कार्यप्रणालीलाई व्यवस्थित गर्न नियमावली बनाई कुनै सदस्यको संयोजकत्वमा लेखा समिति, विधायन समिति, सुशासन समिति लगायत आवश्यकता अनुसार अन्य समिति र विशेष समिति गठन गर्न सक्ने व्यवस्था छ । यो वर्ष उपमहानगरपालिकाको सभाको बैठक ४ पटक बसेको, सभाले ३ सदस्यिय न्यायिक समिति, ३ सदस्यिय विधायक समिति र ५ सदस्यीय सुशासन समिति गठन गरेको तर हालसम्म पनि लेखा समिति गठन गरेको छैन । ऐन बमोजिम लेखा समिति गठन गर्नुपर्दछ ।	
३१.	**स्थानीय कानून :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) बमोजिम संघीय सार्वजनिक खरिद ऐनको अधीनमा रही उपमहानगरपालिकाले सार्वजनिक खरिद नियमावली बनाई लागू गर्न सक्ने, दफा १०२ बमोजिम उपमहानगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन बनाउन सक्ने, बनाइएको ऐनको अधिनमा रही	

दफा	भौ.नं., मिति र व्यहोरा	रकम
	कार्यपालिकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने, बनाएको कानून स्थानीय राजपत्रमा प्रकाशन गर्नुपर्ने तथा प्रदेश सरकार र नेपाल सरकारमा पठाउनु पर्ने व्यवस्था छ । यो वर्ष उपमहानगरपालिकाले ११ वटा ऐनहरु, २ वटा नियमावलीहरु, ७ वटा कार्यविधिहरु र २ वटा निर्देशिकाहरु बनाएको देखिएता पनि उपमहानगरपालिकाको हरेक काम कारबाहीमा एकरुपता कायम गरी नगरबासीलाई पारदर्शिता तथा सुशासनको अनुभूती दिलाउन उपमहानगरपालिकाको अधिकार क्षेत्रभित्र परेका अन्य बिषयहरु समेतको कानून बनाउनुपर्ने देखिन्छ । उक्त ऐन, नियम, कार्यविधि, निर्देशिकाहरु उपमहानगरपालिको वेभसाइट मार्फत प्रकाशन गरेको भएता पनि सर्वसाधारणको जानकारीका निम्ति बनेका स्थानीय कानूनहरु छिटोभन्दा छिटो प्रिन्ट प्रति प्रकाशन गर्नुपर्ने देखिन्छ । बनेका स्थानीय कानूनहरु संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई मिति २०७५।५।८ मा उक्त ऐन, नियम, कार्यविधि, निर्देशिकाहरु पठाएको देखिएता पनि प्रदेश सरकारलाई पठाएको देखिएन । ऐनको पूर्णपालना गर्नु पर्ने देखिन्छ ।	
३२.	**नीति, योजना, मापदण्ड तथा कार्यविधि :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम उपमहानगरपालिकाले संविधानको अनुसूची ८ मा उल्लेख भए अनुसारको एकल अधिकार, संविधानको अनुसूची ९ मा उल्लेख भए अनुसारको संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा प्रयोग गर्ने साझा अधिकार र अन्य काम, कर्तव्य र अधिकारको प्रयोग गर्दा आवश्यकता अनुसार नगर प्रहरीको गठन, सञ्चालन, व्यवस्थापन, नियमन, सहकारी संस्था, स्थानीय कर, सेवा शुल्क तथा दस्तुर, दण्ड, जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क, स्थानीय तहमा राजस्व चुहावट नियन्त्रण, स्थानीय सेवाको व्यवस्थापन, स्थानीयस्तरका विकास आयोजना तथा परियोजना, सुरक्षित शहरी विकास, वस्ती विकास र भवन, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाई तथा पोषण, स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता, स्थानीय सडक, ग्रामिण सडक, कृषि सडक र सिँचाइ, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशुस्वास्थ्य, सहकारी र कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण, खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा, विपद् व्यवस्थापन, जलाधार, वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता, खानी तथा खनिज पदार्थको संरक्षण, भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास, व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याङ्क तथा सामाजिक सुरक्षा र गरिबी निवारण, सवारी साधन अनुमति तथा यातायात सेवा, भूमि व्यवस्थापन जस्ता क्षेत्रहरुको क्षेत्रगत कानून, नीति, योजना, मापदण्ड तथा कार्यविधि बनाई लागू गर्न सक्ने व्यवस्था छ । यो वर्ष उपमहानगरपालिकाले केही क्षेत्रहरुको क्षेत्रगत ऐन, कार्यविधि तथा निर्देशिकाहरु बनाएको देखिएता पनि स्थानीय तहमा राजस्व चुहावट नियन्त्रण, स्थानीय सेवाको व्यवस्थापन, स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन, खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा, जलाधार, वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता, खानी तथा खनिज पदार्थको संरक्षण, भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास, व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याङ्क तथा सामाजिक सुरक्षा र गरिबी निवारण, सवारी साधन अनुमति तथा यातायात सेवा, भूमि व्यवस्थापन जस्ता क्षेत्रहरुको क्षेत्रगत कानून, नीति, योजना, मापदण्ड तथा कार्यविधि बनाएको नदेखिएकोले उपमहानगरपालिकाले आफ्नो काम कारबाहीमा एकरुपता ल्याउन, पारदर्शिता कायम गर्न तथा नगरबासीलाई सुशासनको अनुभुती प्रदान गर्न	

दफा	भौ.नं., मिति र व्यहोरा	रकम
	संविधानले तोकेका उपमहानगरपालिकाको एकल तथा साझा अधिकार क्षेत्रभित्रका सम्पूर्ण क्षेत्रहरुलाई समेट्ने गरी हरेक क्षेत्रको क्षेत्रगत कानून, नीति, योजना, मापदण्ड तथा कार्यविधिहरु बनाई लागू गर्नुपर्ने देखिन्छ ।	
३३.	**कार्यपालिका :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ बमोजिम कार्यपालिकाले आफ्नो काम कारबाही व्यवस्थित गर्न आवश्यकता अनुसार कुनै सदस्यको संयोजकत्वमा समिति वा उपसमिति गठन गर्न सक्ने तथा विषय विज्ञता आवश्यक पर्ने क्षेत्रमा कुनै सदस्य वा विषय विज्ञको संयोजकत्वमा कार्यदल गठन गर्न सक्ने, दफा १६ बमोजिम कार्यपालिकाको कार्यविभाजन र कार्यसम्पादन नियमावलीहरु स्वीकृत वा संशोधन भएको मितिले पन्ध्र दिनभित्र प्रदेश र नेपाल सरकारमा पठाउनु पर्ने व्यवस्था छ । यो वर्ष उपमहानगरपालिकाको सभाले कार्य विभाजन नियमावली, २०७४ र कार्य सम्पादन नियमावली, २०७४ बनाई मिति २०७५।५।८ मा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पठाएको देखिन्छ भने प्रदेश सरकारलाई पठाएको देखिदैन । आवश्यकता अनुसार विषय विज्ञता आवश्यक पर्ने क्षेत्रमा कुनै सदस्य वा विषय विज्ञको संयोजकत्वमा कार्यदल गठन गरी कार्यपालिकाले आफ्नो काम कारबाही व्यवस्थित गर्ने तर्फ विशेष ध्यान दिनु पर्ने देखिन्छ । ऐनले गरेको व्यवस्था बमोजिम प्रदेश सरकारलाई समेत बनेका कानूनहरु पठाई ऐनको पूर्ण पालना गर्नु पर्ने देखिन्छ ।	
३४.	**सम्पत्ति विवरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११० बमोजिम सदस्यले पद धारण गरेको र प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र आफ्नो र आफ्नो परिवारको सदस्यको नाममा रहेको चल अचल सम्पत्तिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण प्रचलित कानूनले तोकेको ढाँचामा उपमहानगरपालिकामा पेश गर्नुपर्ने तथा पेश भएको सम्पत्तिको विवरण उपमहानगरपालिकाले अभिलेख राखी तीस दिनभित्र प्रदेश सरकार समक्ष पठाउनु पर्ने व्यवस्था छ । यो वर्ष उपमहानगरपालिकामा आ.ब. २०७३।७४ समाप्ती पछि सम्पत्तिको विवरण जम्मा ३९ जना सदस्यहरुले मात्र साठी दिनभित्र पेश गरेको, ५२ जना सदस्यहरुले साठी दिन पछि पेश गरेको, ३ जना सदस्यहरुले सम्पत्तिको विवरण नै पेश नगरेको देखियो भने आ.ब. २०७४।७५ समाप्ती पछि कुनै सदस्यहरुले पनि सम्पत्ति बिबरण पेश गरेको विवरण प्राप्त भएन । पेश गरिएका सम्पत्ति बिबरणहरु उपमहानगरपालिकाले अभिलेख राखेको तर तीस दिनभित्र प्रदेश सरकार समक्ष पठाएको देखिएन । ऐनको पालना पूर्णरुपले गर्नुपर्ने देखिन्छ ।	
३५.	**आचारसंहिता :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११२ बमोजिम स्थानीय तहले आफ्ना सदस्य तथा कर्मचारीको लागि अन्य विषयका अतिरिक्त निर्णय प्रक्रियामा निजी स्वार्थ वा हकहित जोडिएका विषयमा संलग्न हुन नहुने, पारदर्शी, जवाफदेही कार्य प्रक्रियाको अवलम्बन गर्ने, सार्वजनिक सम्पत्तिको दुरूपयोग गर्न नहुने, सार्वजनिक शिष्टाचार तथा सुशासन प्रवर्द्धन, एक अर्को स्थानीय तह, प्रदेश र सङघको कार्यप्रणाली तथा अधिकार क्षेत्रको सम्मान गर्ने लगायतका विषयहरू समावेश गरी आचारसंहिता बनाई लागू गर्न सक्ने व्यवस्था छ । यो पर्ष उपमहानगरपालिकाले जनप्रतिनिधि एवं कर्मचारीहरुले पालना गरौं भन्ने शीर्षक सहितको ९ बुँदे आचारसंहिता फ्लेक्सबोर्डमा बनाई वडा कार्यालयहरुमा र उपमहानगरपालिकाको शाखा कार्यालयहरुमा राखेको देखियो तर कार्यपालिकाको निर्णयबाट आचारसंहिता बनाउनु पर्ने देखिन्छ ।	
३६.	**न्यूनतम दररेट निर्धारण** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम उपमहानगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको	

दफा	भौ.नं., मिति र व्यहोरा	रकम
	प्रयोजनको लागि निर्माण सामग्री, नेपाल सरकारले निर्धारण गरेको राष्ट्रिय न्यूनतम पारिश्रमिकभन्दा कम नहुने गरी ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट प्रत्येक आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै तोकी सक्नु पर्ने व्यवस्था छ । यो वर्ष उपपहानगरपालिकाले आफ्नो क्षेत्रभित्रको छुट्टै दररेट निर्धारण गरेको देखिएन ।	
३७.	**लगत तथा अनुगमन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२ बमोजिम वडा समितिले कार्यपालिकाबाट तोके अनुसार वडाभित्रका निजी घर तथा घर परिवारको लगत राख्ने, ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक तथा धार्मिक महत्वका सम्पदा, प्राचीन स्मारक, सार्वजनिक तथा सामुदायिक भवन, सार्वजनिक, ऐलानी, पर्ती जग्गाको लगत राख्ने तथा संरक्षण गर्ने, खुला क्षेत्र, चोक, घाट, पाटी, पौवा, सत्तल, धर्मशाला, धार्मिक तथा सांस्कृतिकस्थल, डाँडापाखा, चरनक्षेत्र, पानीको मूल, पोखरी, तलाउ, इनार, कुवा, धारा, ढुङ्गेधारा, गुठीघर, बाटो, सडक, पुल पुलेसा, कुलो नहर, पानी घट्ट, मिलको तथ्याङ्क सङ्कलन गरी अद्यावधिक लगत राख्ने, संरक्षण गर्ने र खण्डीकृत तथ्याङ्क र सूचना सहितको वडाको पार्श्वचित्र तयार तथा अद्यावधिक गर्ने तथा वडाभित्र सञ्चालित विकास योजना, आयोजना तथा संलग्न उपभोक्ता समितिहरूका कार्यको अनुगमन तथा नियमन गर्ने, खाद्यान्न, माछा, मास, तरकारी, फलफुल, पेय पदार्थ तथा उपभोग्य सामग्रीको गुणस्तर र मूल्यसूची अनुगमन गरी उपभोक्ता हित संरक्षण गर्ने काम गर्न सक्ने व्यवस्था छ । यो वर्ष उपमहानगरपालिकाका वडा समिति कार्यालयहरुले सो सम्बन्धी कुनैपनि छुट्टाछुट्टै लगत राखेको तथा अनुगमन गरेको देखिएन ।	
३८.	**सांस्कृतिक वा पर्यटकीय क्षेत्र :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९ (३) बमोजिम उपमहानगरपालिकाले आफ्नो क्षेत्रभित्रका कुनै स्थानलाई सांस्कृतिक वा पर्यटकीय क्षेत्र घोषणा गर्न सक्ने व्यवस्था छ । यो वर्ष उपमहानगरपालिकाले कुनैपनि स्थानलाई सांस्कृतिक वा पर्यटकीय क्षेत्र घोषणा गरेको देखिएन ।	
३९.	**काजमा पठाउन सक्ने** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८९ बमोजिम नेपाल सरकारले स्थानीय तहको मागको आधारमा उपयुक्त देखेमा बढीमा दुई वर्षको लागि स्थानीय तहबाटै तलव भत्ता खाने गरी निजामती सेवाको कुनै कर्मचारीलाई काजमा खटाउन सक्ने व्यवस्था छ । यो वर्ष विभिन्न कार्यालयहरुबाट जम्मा २६ जना कर्मचारीहरु उपमहानगरपालिकामा काजमा खटिई आएको देखिन्छ ।	
४०.	**प्रशासकीय सङ्गठन र कर्मचारी दरबन्दी** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम उपमहानगरपालिकाको आफ्नो कार्यबोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा उपमहानगरपालिकामा हरेक वडाको सङ्गठन संरचना समेत समावेश भएको विषयगत शाखा वा महाशाखा रहेको सङ्गठन संरचना कायम गर्नु पर्ने व्यवस्था छ । उपमहानगरपालिकाको आफ्नै प्रशासकीय सङ्गठन संरचना रहिआएकोमा ऐनले तोकेको प्रावधान बमोजिमको प्रशासकीय सङ्गठन संरचना बनाई कर्मचारीको दरबन्दी समेत तोक्न बाँकी रहेको देखिन्छ ।	
४१.	**चालु प्रकृतिका खर्च :** वर्षभरमा कार्य सम्पादन गरी कार्यान्वयनमा ल्याउने पूँजिगत प्रकृति जून आगामी दिनमा प्रतिफल दिन्छ त्यस्तो योजना छनौट गरी समग्र उपमहानगरपालीकाको पूँजिगत संरचना सम्वन्धि स्थायीत्व प्रदान गर्न आमूलरुपले	

दफा	भौ.नं., मिति र व्यहोरा	रकम

प्रतिफल दिने र पुँजिको निर्माण हुने एवं वस्तु तथा प्राप्त भएको सेवा र उपलब्धीका उपयोगिताको सिर्जना हुने गरी पूँजिगत योजना छनौट गर्नुपर्नेमा पूँजीगत बजेटमा चालु प्रकृतिका विशुद्धरुपले उपयोगिता नदिने योजना छनौट गरी कार्यान्वयनमा ल्याईनू उचित देखिएन । आर्थिक वर्ष २०७४।७५ मा स्वीकृत भएका योजना पूर्ण रुपले पूर्वाधार विकाससँग सम्वन्धित देखिएनन् । यस्ता कार्यक्रमवाट वस्तुमा उपयोगिताको सिर्जना नगर्ने हुदाँ पूँजी निर्माण हुने सम्भावना न्यून रहने गर्दछ । पूँजीगत बजेटमा चालु प्रकृतिको खर्च गरिनूले मूल्यको सार्थकता नरहने र अनुदानको समावेशी विकास पनि हुन नसक्ने स्थितिले समग्र पूर्वाधार विकासमा असर परेको छ । चालु प्रकृतिका वितरणकारी खर्चलाई प्रश्रय नदिन र अगामी दिनमा यस्ता कार्यक्रम नियन्त्रण गर्न उपमहानगरपालीका गम्भिर बन्न आवश्यक देखिन्छ । यसका केही उदाहरण निम्न छन् :

भौ.नं. तथा मिति	खर्च शीर्षक	रकम
४३-२०७४/५/२०	कुखुराको चल्ला खरिद	२५०,०००/-
४७-२०७४/५/२०	इन्टरनेट सेवा जडान	३०,०००/-
१०१-२०७४/५/२९	शिक्षकहरुको प्रथम चौमासिक तलव भत्ता निकासा	१२९,४३९,६८५/-
५७९-२०७४/१०/१०	शिक्षकहरुको दोस्रो चौमासिक तलव भत्ता निकासा	१०६,०१३,५९३/-
११५०-२०७५/२/६	शिक्षकहरुको तेस्रो चौमासिक तलव भत्ता निकासा	११२,६६६,७४५/-
१०३-२०७४/५/२९	अस्पतालको तलव भत्ता	२,९५१,१६९/-
	जम्मा:	**३५१,३५१,१९२/-**

४२. **योजना कार्यान्वयन** : यस उपमहानगरपालिकामा अवस्थित १९ वडामा नगरस्तरीय तथा वडास्तरीय ६५२ योजनाहरु नगर परिषद्बाट स्वीकृत गरिएको तथ्यांक प्राप्त भएको छ । चालु आ.व. मा कुल स्वीकृत योजनाको ७२ प्रतिशत (४६८) योजनाहरु सम्पन्न भएका छन् । बांकी १८३ योजनाहरु २०७४।७५ मा सम्पन्न भएका छैनन् । उपमहानगरपालिकाले योजना कार्यान्वयन स्थिति देखिने गरी अभिलेख अद्यावधिक गरेको छैन । योजनासंग सम्बन्धित अभिलेखहरु अद्यावधिक गरी तोकिएको समयभित्र कार्य सम्पन्न गराउनेतर्फ ध्यानाकर्षण हुनुपर्दछ ।

४३. **संचित कोषको उपयोग :** वित्तीय समानिकरण अनुदान शीर्षक अन्तर्गत आ.व. २०७४।७५ मा रु(५२,५५,९४,०००। रकम प्राप्त भएको पालिकाबाट पेश भएको आय व्यय विवरणमा देखिन्छ । प्राप्त रकममध्ये करिव ७३.३९ प्रतिशत अर्थात रु.३८,५७,८४,५६५।९५ मात्र यो वर्ष खर्च भएको देखिन्छ । एकातर्फ स्वीकृत गरिएका योजनाहरु समयमा सम्पन्न नभएको अवस्था छ भने अर्कोतर्फ रु.१३,९८,०९,४३४।०५ निष्क्रिय अवस्थामा मौज्दात रहेको देखिन्छ । सोको अलावा आन्तरिक आयतर्फको बचत समेत रु.२७,०१,१४,१४१।७१ मौज्दात निष्क्रिय रहेको छ । यसबाट उपमहानगरपालिकाको योजना तथा कार्यक्रम सञ्चालन गरी सेवा प्रवाह गर्ने कार्य सवल देखिएन । उपरोक्त स्थितिले योजना/कार्यक्रम तथा बजेटको तयारी कार्य वस्तुपरक देखिदैंन । यथार्थपरक कार्यक्रम तथा बजेटको तयारी गर्ने र प्राप्त बजेटको सदुपयोग गरी योजना/कार्यक्रम सञ्चालनबाट गुणस्तरीय सेवा प्रवाह गर्ने कार्यमा सुधार गर्नुपर्ने देखिन्छ ।

४४. **स्थानीय संचितकोष दाखिला :** विगतमा वडा कार्यालय पदमपोखरी, चुरीयामाई, हटिया, हर्नामाडी र वसामाडीमा मौज्दात रहेको रु.५,३७,३९२।१३ संचित कोषमा दाखिला भएको देखिएन । हालको रकम यकिन गरी उक्त रकम संचित कोषमा दाखिला गर्नुपर्ने रु. ५,३७,३९२/१३

दफा	भौ.नं., मिति र व्यहोरा	रकम

४५. **कर्मचारी तथा हाजिरी व्यवस्थापन :** प्राप्त विवरण अनुसार विभिन्न पदको २०९ जनाको दरवन्दी रहेकोमा १५२ पदपूर्ति भई २७ रिक्त रहेको देखियो । कर्मचारीको हाजिरी व्यवस्थापन सम्बन्धमा छलफल गर्दा इ-हाजिरी र रजिष्टरमा समेत उपस्थिति जनाउने गरेको जानकारी प्राप्त भएको छ । २०७४ श्रावणको हाजिरी रजिष्टर परीक्षण गर्दा आएको मात्र समय जनाउने, फर्केको नजनाउने, उपस्थिति समय नजनाउने जस्ता विभिन्न अवस्था देखिएका छन् । सेवा प्रवाहमा कर्मचारीको उपस्थितिले असर पर्ने र आन्तरिक नियन्त्रण प्रणाली सवल गर्न इ-हाजिरीको व्यवस्थापन अद्यावधिक गर्नुपर्ने देखिएको छ ।

४६. **थप सुविधा** : कार्यालयले यो वर्ष कर्मचारीलाई संचार सुविधा वापत मासिक रु.५००।- ले रु.९,६६,०००।-, खाजा खर्च मासिक रु.४००।- ले ७,७२,८००।-, वडा सचिवलाई मासिक रु.१,०००।- ले २,२८,०००।-, सरसफाईका कर्मचारीलाई विदाको दिन कार्य गरे वापत रु.८००।- ले रु.२,४९,०००।-, बारुणयन्त्रका कर्मचारीलाई रासन वापत रु.८,५४,७३७।५६ र प्रमुख प्रशासकीय अधिकृतलाई मासिक रु.१५,०००।- ले रु.१,८०,०००।- समेत कुल रु.३२,५१,१३७।५६ परिषदको निर्णयबाट सुविधा उपलव्ध गराएको छ।

४७. **पदाधिकारीहरुको पारिश्रमिक र सुविधा** :पदाधिकारीहरुको पारिश्रमिक तथा सुविधा राजपत्रमा प्रकाशन भएपछि मात्र भुक्तानी दिन मिल्नेमा ३ नं. प्रदेश राजपत्र २०७५ बैशाख २० मा प्रकाशन भएको आधारमा सोही अवधिपछि मात्र पारिश्रमिक तथा सुविधा भुक्तानी दिनुपर्नेमा उपमहानगरपालिकाले सपथ भई पदको कार्य गरेको मितिले अनुसूची १ मा उल्लेख भए बमोजिम पारिश्रमिक भुक्तानी गरेको देखियो । राजपत्रमा प्रकाशन हुनुभन्दा अगाडीको पारिश्रमिक तथा सुविधा रु.८२,६८,०००। भुक्तानी भएको छ ।

४८. **सवारी साधन तथा अन्य साधन खरिद** : यो वर्ष कार्यालयले टाटासुमो एक रु.३५,१०,०००।-, जीप एक रु.५६,५३,०१३।-, मोटरसाइकल तीन रु.६,३०,६९९।९६ र जे.सी.बी. एक रु.३४,३१,०००।- समेत रु.१,३२,२४,७१२।९६ मा खरिद गरेको देखियो । उक्त खर्चमध्ये रु.९९,३१,०००।- वित्तीय समानीकरणबाट र रु.३२,९३,७१२।९६ आन्तरिक स्रोतबाट भुक्तानी भएको छ। सवारी साधन खरिद गर्दा अर्थ मन्त्रालयको स्वीकृत लिएको छैन् ।

